आज मिति २०८६ साल पौष २८ गते सोमवारका दिन बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमान सिंह अर्यालज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको ४४ औं बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको छलफल हुँदै निर्णयहरु गरियो।

उपस्थिति

१) प्रमुख श्री गुमान सिंह अर्याल
२) उपप्रमुख श्री तारादेवी अधिकारी
३) वडा अध्यक्ष वडा नं १ श्री बलराम प्रसाद पौडेल
४) " " " २ श्री गणेश बहादुर कँडेल (बन्द)
५) " " " ३ श्री सूर्य कुमार पौडेल
६) " " " ४ श्री तालबीर गुरुङ
७) " " " ५ श्री बम बहादुर गुरुङ
८) " " " ६ श्री भोज बहादुर रिजाल
९) " " " ७ श्री गोविन्द बहादुर बस्नेत
१०) " " " ८ श्री पवित्रा थापारानी
११) " " " ९ श्री शरद बराल
१२) " " " १० श्री पूर्ण बहादुर थापा
१३) " " " ११ श्री अच्युत मल्ल बगाले
अनुपस्थित १४) कार्यपालिका सदस्य श्री बिवणु माया राना
१५) " " श्री दोज बहादुर रुजबास
१६) " " श्री मन्दिरा दनाई
१७) " " श्री देव बहादुर गहतराज
१८) " " श्री मन माया गुरुङ
१९) " " श्री अजय गजाबोधे
२०) " " श्री कृष्णा नेपाली
२१) " " श्री आशा तामाङ
२२) सदस्य सचिव श्री मोहन प्रसाद सराफिनी
सहजकर्ता
२३) कार्यालय अधिकृत श्री मेघेन्द्र पोखरेल
२४) अधिकृत श्री ईश्वर कान्त शेष

बेसीशहर नगरकार्यपालिकाको मिति २०७६/०९/२८ को बैठकका निर्णयहरु

निर्णयहरु

निर्णय नं. १: छैठौं नगरसभा सम्बन्धमा ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ बमोजिम यस बेसीशहर नगरपालिकाको छैठौं नगरसभाको बैठक मिति २०७६ माघ १८ गते शनिबार दिनको ११.०० बजे बस्ने गरी बोलाउने निर्णय गरियो ।

निर्णय नं. २ : राष्ट्रिय योजना आयोगको चालु आव २०७६।०७७ को समपुरक तथा विषेष अनुदानतर्फको योजना/कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

राष्ट्रिय योजना आयोगद्वारा चालु आव २०७६/०७७ मा समपुरक तथा विशेष अनुदानमार्फत स्थानीय तहबाट कार्यान्वयन गर्न छानिएका योजना तथा कार्यक्रमहरुमध्ये यस बेसीशहर नगरपालिकाबाट प्रस्ताव पेश बमोजिम देहायका योजना तथा कार्यक्रम छनौट भएकोमा राष्ट्रिय योजना आयोगप्रति आभार व्यक्त गर्दै छनौट भएका योजनाहरु सो आयोगबाट जारी गरिएको समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ (दोश्रो संशोधन सहित) र विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ (दोश्रो संशोधन सहित) तथा नेपाल सरकार अर्थ मन्त्रालय अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखाको च.नं १८४ मिति २०७६।८।२९ को पत्रमा प्राप्त मार्गदर्शन समेतका आधारमा नगरपालिकाको बार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निम्न

१. बेसीशहर युनिभर्सल चोक मकैडाँडा सडक स्तरोन्नति बेनपा वडा नं ६ र ७ (समपुरक अनुदानतर्फ)
२. बाल उद्यान निर्माण बेनपा ६ (विशेष अनुदानतर्फ)

निर्णय नं ३: समपुरक तथा विषेष अनुदानतर्फको आगामी आवको कार्यक्रम प्रस्ताव सम्बन्धमा

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौको आगामी आव २०७७।७८ का लागि समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धि मिति २०७६।९।२ मा प्रकाशित सुचनाको सम्बन्धमा यस बैठकमा छलफल हुँदा निम्न योजनाहरुको प्रस्तावना तयार गरी समपुरक तथा विशेष अनुदानतर्फ मार्ग गर्ने निर्णय गरियो ।

निम्न :

क्र.सं	योजना/कार्यक्रमको नाम	ठेगाना	कुल ल.ई	योजना सम्पन्न गर्ने अवधी	अनुदानको प्रकार
१	धुरपुरे दुईथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक स्तरोन्नति	बेसीशहर नपा वडा नं ९ र ५	१० करोड ०२ लाख ०४ हजार	३ वर्ष	समपुरक
२	भकुण्डे पुरानकोट सडक स्तरोन्नति	बेसीशहर नपा वडा नं २ र ४	१० करोड ०३ लाख १५ हजार	३ वर्ष	समपुरक
३	रामचोकफाँट सिंचाई आयोजना	बेसीशहर नपा वडा नं ११	३ करोड ०६ लाख ५० हजार	३ वर्ष	समपुरक
४	बेसीशहर गाउँशहर (लमजुङ दरबार सिंढी निर्माण)	बेसीशहर नपा वडा नं ३	३ करोड ७७ लाख ०७ हजार	२ वर्ष	समपुरक
५	कर्पुरेश्वर पार्क निर्माण (जेष्ठ नागरिक तथा बालबालिका लक्षित)	बेसीशहर नपा वडा नं ८	२ करोड १३ लाख ६१ हजार ७५१	२ वर्ष	विशेष
६	चण्डी पार्क निर्माण (दलित लक्षित)	बेसीशहर नपा वडा नं ३	३ करोड २३ लाख	२ वर्ष	विशेष

निर्णय नं ४ : शिक्षा नियमावली संशोधन सम्बन्धमा ।

नगरपालिकाको मिति २०७४।१०।१५ को नगरसभाबाट पारित बेसीशहर नगरपालिका शिक्षा नियमावली,२०७४ मा मिति २०७६।८।२३ को कार्यपालिका बैठकले नियम २८ उप नियम १ मा गरेको संशोधनलाई यथावत राखी नियम २८ को उप नियम २ मा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

देहाय :

(क) विद्यालय व्यवस्थापन समितिको बैठकले उपनियम १ को (क) र (ग) वमोजिम अभिभावक र नगर शिक्षा समितिबाट छनौट भएकाहरुमध्येबाट समितिको अध्यक्ष छनौट गर्नेछ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि शिक्षक प्रतिनिधि, प्र.अ. र विद्यार्थी प्रतिनिधि बाहेकका व्यवस्थापन समितिका सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ख) माध्यमिक तह र आधारभूत तह (१-८) को विद्यालयको हकमा मात्र एक जना विद्यार्थी प्रतिनिधि रहने व्यवस्था गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिको कार्य अवधी ४ वर्षको हुनेछ ।

निर्णय नं ५: संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

नगरपालिकाको मिति २०७४।१०।१५ को नगरसभाबाट पारित बेसीशहर नगरपालिका शिक्षा नियमावली,२०७४ नियम २८ को उप नियम ५ पछि उप नियम ६ थप गरी देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

(६)संस्थागत विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

संस्थागत विद्यालयहरुको हकमा देहाय अनुसारको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा संस्थापकहरुमध्येबाट विद्यालयको सिफारिशमा नगरपालिकाले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुले अभिभावकहरुमध्येबाट कम्तिमा १ जना महिला पर्ने गरी मनोनित गरेका दुई जना -सदस्य

(ग) सम्वन्धित वडाका वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा समितिको सदस्य एक जना -सदस्य

(घ) नगरपालिका शिक्षा शाखाको अधिकृत प्रतिनिधि एक जना -सदस्य

(ङ) विद्यालयमा कार्यरत शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको शिक्षक एक जना -सदस्य

(च) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

निर्णय नं ६: नगरपालिकाको बाहिरी चक्रपथ (Outer Ringroad) निर्माण सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको बाहिरी चक्रपथ (Outer Ringroad) निर्माणको लागि चालु आ.व. २०७६।७७ मा शहरी विकास मन्त्रालयबाट रु १ करोड विनियोजन भएको हुँदा सो रकमबाट बाहिरी चत्रपथका विभिन्न खण्डहरुमध्ये वडा नं ४ स्थित पात्लेगरादेखि चम्डिला हुँदै ४ नं वडा कार्यालय (मोतीडाँडा) सम्मको सडक स्तरोन्नति गर्ने निर्णय गरियो ।

निर्णय नं ७: कभर्ड हल निर्माण सम्बन्धमा ।

जिल्ला खेलकुँद विकास समिति बेसीशहर लमजुङको च.नं १८ मिति २०७६।९।१६ को प्राप्त पत्र समेतका आधारमा मार्सल आर्टतर्फको खेलकुँद प्रतियोगिता सञ्चालन गर्न प्रदेश सरकारबाट चालु आवमा रु ३० लाख बजेट समेत विनियोजन भएको सन्दर्भमा कभर्ड हल निर्माण गर्ने कार्यको लागि यसै बेसीशहर नगरपालिकाको वडा नं ७ स्थित सल्लाघारीको जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८: खानेपानी तर्फका फुटकर योजना छनौट सम्बन्धमा ।

चालु आवको प्रस्तावमा आधारित खानेपानी (एक घर एक धारा समेत) कार्यक्रमतर्फ विनियोजत रकमबाट देहाय वमोजिमका खानेपानी योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

क्र.सं.	योजनाको नाम	वडा नं	विनियोजित रकम रु.
१	पाङ्ग्रेको झ्यालमुनि कुवा मर्मत	१	३०००००
२	कोलबाटो खानेपानी योजना	२	२०००००
३	बसौलागाउँ खानेपानी योजना	३	१०००००
४	मोहोरियागाउँ खानेपानी योजना	३	३०००००
५	जलदेवी मन्दिर खानेपानी योजना	४	१०००००
६	वर्तुनकुवा खानेपानी मर्मत	५	१०००००
७	गैरीगाउँ एक घर एक धारा कार्यक्रम	५	३०००००
८	अक्करको वनदेखि मालेवगर खानेपानी योजना	६	४०००००
९	पासाचौर घरचौर खानेपानी योजना	१०	४०००००
१०	राउतथोक ओडारे खानेपानी योजना	१०	२०००००
११	सिरुबारी खानेपानी योजना	१०	३०००००
१२	वर्तुन चौतारा खानेपानी योजना	११	१०००००
१३	झ्प्रीखेत ठूलोखोला तल्लोबारी माझचोक खानेपानी, (कार्कीडाँडा)	११	२०००००
१४	डाँडाथोक भोटेनी खानेपानी योजना	११	१०००००
१५	खानेपानी पाइप खरीद (माग निवेदनका आधारमा प्रमुखबाट तोक आदेश भए वमोजिम वितरण गर्ने गरी)	सवै वडा	३०००००
	जम्मा		३१३०००००

निर्णय नं ९: सिंचाई तर्फका फुटकर योजना छनौट सम्बन्धमा ।

चालु आवको प्रस्तावमा आधारित सिंचाई योजनाहरु शिर्षकमा विनियोजत रकमबाट देहाय वमोजिमका सिंचाई योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

क्र.सं.	योजनाको नाम	वडा नं	विनियोजित रकम रु.
१	घट्टे पानीघट्टा कुलो निर्माण	२	१०००००
२	झ्प्रीखोलादेखि आरुबोटसम्मको सिंचाई	२	२०००००
३	कान्ले कटहरे सिंचाई	२	२०००००
४	कोइरालेटार सिंचाई योजना	३	१०००००
५	हाँडीखोला सिंचाई योजना	५	२०००००
६	टाँडविसौना माझकुलो मर्मत	९	५००००
७	दिहीथोक टुनीखेतबाट देउराली कुलो मर्मत	९	१५००००
८	वंशेखोलादेखि बालुवासम्म पाइप सिंचाई	११	७५०००

९.	नररे छविसे कुलो मर्मत	११	१०००००
१०.	सिंचाई पाइप खरीद (माग निवेदनका आधारमा प्रमुखबाट तोक आदेश भए वमोजिम वितरण गर्ने गरी)	सवै वडा	४०००००
	जम्मा		१५७५०००

निर्णय नं १०: पूर्वाधार तर्फका अन्य फुटकर योजना छनौट सम्बन्धमा ।

चालु आवको पूर्वाधार विकास सम्बन्धी फुटकर योजना शिर्षकमा विनियोजत रकमबाट देहाय वमोजिमका सडक लगायतका अन्य फुटकर योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

क्र.सं.	योजनाको नाम	वडा नं	विनियोजित बजेट रु.
१.	खरको छाना विस्थापन कार्यक्रम (असहाय, विपन्न परिवारको कच्ची घर सुधार मर्मत समेत)		१००००००
२.	ढाँडगाउँ मोटरबाटो स्तरोन्नति	१	१०००००
३.	आकाशेदेखि सानो धिमिरे मोटरबाटो स्तरोन्नति	१	२०००००
४.	श्रीकृष्ण प्रणामी मन्दिर संरक्षण (कम्पाउण्डङ)	१	१५०००
५.	नेवा गुठी भवन शौचालय निर्माण समेत	१	२५००००
६.	चिप्लेटी पौडेलगाउँ मोटरबाटो स्तरोन्नति	१	१५००००
७.	आकाशे ठूलो धिमिरे सिंढी निर्माण	१	५००००
८.	अन्नपूर्ण खेलमैदान स्तरोन्नति	२	२०००००
९.	गैरीगाउँ चिसापानी सामुदायिक भवन कम्पाउण्ड वाल मर्मत	२	१५००००
१०.	माझगाउँ देउरालीडाँडा मोटरबाटो स्तरोन्नति	२	२०००००
११.	ज्यामिरे गोरेटो बाटो निर्माण	३	२०००००
१२.	काउलेपानी होमस्टे मोटरबाटो निर्माण	३	२०००००
१३.	लमजुङ मावि गेट निर्माण	३	१५००००
१४.	पात्लेगरा सामुदायिक भवन संरक्षण	४	५००००
१५.	देवीस्थान मन्दिर जाने सिंढी निर्माण	४	२०००००
१६.	मिलनटोल शिलादेवी मन्दिर सम्मको सडक	४	२०००००
१७.	काउलेपानी देवी गढीसम्मको मोटरबाटो	४	४०००००
१८.	ज्यारखाङ माझगाउँ सिंढी निर्माण	५	३०००००
१९.	भण्डारीगाउँ खत्रीगाउँ पहिरो नियन्त्रण	६	५०००००
२०.	हेल्मो समाज संस्कृति संरक्षण कार्यक्रम	७	१०००००
२१.	मनध्वज अधिकारीको घर नेरको बाटो निर्माण	७	२०००००
२२.	बालरत्न प्रा.वि. कम्पाउण्डवाल निर्माण	७	२०००००

२३.	रामसीता मन्दिर डाँडा सडक	७	३०००००
२४.	खत्रीको चौतरादेखि हुतराज कुँवरको घरसम्मको सडक	७	२०००००
२५.	सातविसेदेखि मरनघाट जाने सडक	७	२०००००
२६.	स्ल्याव निर्माण (हरि पौडेलको घरदेखि भिमसेन अधिकारीको घरसम्म)	८	२०००००
२७.	कर्पुरेश्वर मन्दिर जाने सडक स्तरोन्नति	८	४०००००
२८.	श्रीसत्यसाई केन्द्र बेसीशहर जग्गा संरक्षण	८	२०००००
२९.	शिवशक्ति मन्दिर संरक्षण	९	४०००००
३०.	हरित सडक देखि वडा कार्यालय सम्मको सिंढी निर्माण	९	२०००००
३१.	हरित सडकदेखि कृष्ण बहादुर बस्नेतको घरसम्मको सडक स्तरोन्नति	९	१०००००
३२.	खासुरबेसी आमा समुह भवन	१०	१०००००
३३.	अलैंचीभट्टी निर्माण सिरुवारी (डम्बर ब. गुरुङ समेत)	१०	७५०००
३४.	सूर्यकला थापाको घरदेखि वडा कार्यालयसम्मको सडक	१०	२०००००
३५.	लोकराज मावि स्टेज निर्माण	११	२०००००
३६.	बजारखुट्टा श्रीकृष्ण सत्तल मर्मत	११	१०००००
३७.	रामचोक नेवा गुठी भवन निर्माण	११	८००००
३८.	जेष्ठ नागरिक भवन शौचालय निर्माण तिलाहार	११	१०००००
	जम्मा		**८२०५०००**

<u>निर्णय नं ११ : सफ्टवेयर सम्बन्धी विभिन्न कार्यक्रम सम्बन्धमा ।</u>

सफ्टवेयर सम्बन्धी कार्यक्रम सम्बन्धमा छलफल हुँदा देहाय वमोजिमका कार्यक्रमहरुको लागि देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

क्र.सं	योजना/कार्यक्रम	ठेगाना	विनियोजित रकम रु	बजेट शिर्षक/उपशिर्षक
१	त्रिवेणी कप फुटबल खेल सञ्चालन	बेसीशहर नपा ७	१५००००	खेलकुँद तथा मनोरञ्जन/ क्लवस्तरीय खेलकुँद प्रतियोगिता
२	दलित आयमूलक कार्यक्रम सञ्चालन (निवेदन तथा प्रस्तावको आधारमा प्रमुखबाट निर्णय गर्ने गरी)	विभिन्न वडाहरु	३०००००	लैससास/दलित आयआर्जन कार्यक्रम
३	मानसिक अपांगता सम्बन्धी कार्यक्रम सञ्चालन (कोशिश नेपाल)	नगरपालिका स्तरीय	७४०००	लैससास/अपांगता सशक्तिकरण कार्यक्रम

४	सूर्तीजन्य पदार्थको नियमन र नियन्त्रणका लागि चेतनामूलक कार्यक्रम (बेसीशहर नगर युवा सञ्जाल मार्फत कार्यान्वयन गरिने)	माविहरुमा	१०००००	स्वास्थ्य/रातो किताप पेज नं ९६
५	जनताको आवाज मेयरको जवाफ सार्वजनिक सुनुवाई	३ स्थानमा	१०००००	संस्थागत विकास सेवा प्रवाह र सुशासन/रातो किताप पेज नं १००
६	दलित सामाजिक सशक्तिकरण कार्यक्रम (दलित सचेतना तथा सीप विकास केन्द्र बेसीशहर मार्फत कार्यान्वयन गराउने ।	११ वटै वडाहरुमा	२१००००	लैससास/रातो किताप पेज नं ९७

निर्णय नं १२ : प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका भित्र पर्ने मर्स्याङ्दी नदीको दायाबायाँबाट बालुवा, गिटी, ग्राभेल संकलन/उत्खनन् गरी विक्री वितरण गर्न प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Evaluation-IEE) गराउनु पर्ने भएकोले सार्वजनिक खरिद नियमावलीको नियम ८५ वमोजिम विज्ञ परामर्शदाताबाट प्रारम्भिक वातावरणीय परीक्षण गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १३ : संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा

बेसीशहर नगरपालिका स्थापना भए पश्चात नगरपालिकाको प्रशासनिक संगठन संरचना कस्तो हुने भन्ने विषयमा अध्ययन नभएको र नगपालिकाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन उपयुक्त संगठन आवश्यक देखिएकोले संगठन तथा व्यवस्थापन (O and M) सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो । यसका लागि सार्वजनिक खरिद नियमावलीको नियम ८५ वमोजिम विज्ञ परामर्शदाता मार्फत कार्य गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४ : निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।

यस बेसीशहर नगरपालिकामा घ बर्गको निर्माण व्यसायी इजाजतपत्रको लागि प्राप्त भएका दरखास्तको सम्बन्धमा न्यूनतम योग्यता पुगेका देहायका निर्माण व्यवसायी फर्म/कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

देहाय :

१.बि.के. इन्जिनियर्स एण्ड विल्डर्स बेसीशहर नगरपालिका-२ (शोभाकर बराल)

२.आर्यश निर्माण सेवा बेसीशहर नगरपालिका-२ (राजेश अधिकारी क्षेत्री)

निर्णय नं. १५ : ५ नम्बर वडा कार्यालयको लागि घर भाडामा लिने सम्बन्धमा ।

५ नं वडाको वडा कार्यालय भवन नयाँ बन्ने क्रममा पुरानो भवन भत्काइएको हुनाले वडा कार्यालयबाट पेश भए अनुसार मासीक घरभाडा तिर्ने गरी घरधनीसंग सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १६ : बाह्य खोपकेन्द्र निर्माण सम्बन्धमा ।

बाह्य खोपकेन्द्र निर्माणका लागि प्राप्त सशर्त अनुदानको रकमबाट वडा नं १० को रातामाटामा मा बाह्य खोपकेन्द्र निर्माण गर्ने निर्णय गरियो ।

बेसीशहर नगरकार्यपालिकाको मिति २०७६/०९/२८ को बैठकका निर्णयहरु

निर्णय नं. १७ : आधारभत् स्वास्थ्य केन्द्र निर्माण सम्बन्धमा

आधारभूत स्वास्थ्य केन्द्र निर्माणका लागि प्राप्त सशर्त अनुदानबाट वडा नं ३ र ९ मा आधारभूत स्वास्थ्य केन्द्र निर्माण गर्ने गरी प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १८ : स्वास्थ्यतर्फका अपुग कर्मचारी सम्बन्धमा

स्वास्थ्य संस्थामा अपुग कर्मचारीको सेवा करारमा पूर्ती गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १९ : प्रेस सल्लाहकारको उपचार सहयोग सम्बन्धमा ।

बेसीशहर नगरपापिलकाका प्रेस सल्लाहकार कृष्ण केसी विरामी भई काठमाण्डौमा उपचार गराइरहनु भएकोले वहाँको स्वास्थ्योपचारको लागि रु ५०,०००।- (पचास हजार) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : मोटरसाइकल खरीद सम्बन्धमा ।

कार्यालयका अधिकृत कर्मचारीहरुका लागि कन्टिन्जेन्सी रकमबाट ३ (तीन) थान मोटरसाइकल खरिद गर्ने निर्णय गरियो

निर्णय नं. २१ : प्रतिनिधि तोक्ने सम्बन्धमा ।

निवेदक श्री सुन्दरकुमार श्रेष्ठ समेतले बेसीशहर नगरपालिका वडा नं ८ स्थित सेरा चौतारामा ट्रस समेतको कामको निर्माण कार्य रोक्का गर्नका निमित्त उच्च अदालत पोखरामा परमादेश, निषेधाज्ञा लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भनि बेसीशहर नगरपालिका र बेसीशहर नगरपालिकाका प्रमुख श्री गुमानसिंह अर्याल समेतका नाउँमा निवेदन दाहेर गरी लमजुङ जिल्ला अदालत मार्फत मिति २०७६ साल पौष १७ गते पन्धृ दिने म्याद तामेल भएकोले सो मितिले ऐनका म्याद भित्र लिखित जवाफ लेखी पेश गरी मुद्दाको पुर्पक्ष गर्नका लागि बेसीशहर नगरपालिकाका अधिकृत छैठौं पदमा कार्यरत अधिकृत श्री ईश्वर कमल श्रेष्ठलाई अख्तियारी दिई पठाउने निर्णय गरियो ।

निर्णय नं. २२ : विविध/ ट्राफिक प्रहरीलाई घरभाडाको रकम उपलब्ध गराउने सम्बन्धमा ।

जिल्ला ट्राफिक कार्यालयको अनुरोध वमोजिम घरभाडा वापतको रकम रु ३००००।- (तीस हजार) सम्वन्धित घरधनीको खातामा जम्मा गर्ने निर्णय गरियो ।